# डलर पि.पि.ए. सम्बन्धी कार्यदलका सिफारिसहरु

G. नेपाल सरकारका घोषित नीति तथा कार्ययोजना, अन्तर्राष्ट्रिय अभ्यास, विभिन्न विज्ञहरुका प्रतिवेदन आदिको अध्ययन विश्लेषणको आधारमा कार्यदलले विदेशी मुद्रा (US$) मा विद्युत खरीद सम्झौता गर्न निम्न बमोजिमका सिफारिसहरु गरेको छ :

G1. १०० मेगावाटसम्मका RoR, PRoR तथा Storage आयोजनाहरुको हकमा सतप्रतिशत नेपाली मुद्रामा मात्र विद्युत खरीद सम्झौता गरिने छ । यस्तो विद्युत खरीद सम्झौता विद्यमान वा भविष्यमा अवलम्बन गरिने Posted Rate को आधारमा गरिने छ ।

G2. निश्चित मात्राको वैदेशिक ऋण लगानी भएको १०० मेगावाटभन्दा माथिका RoR, PRoR तथा Storage आयोजनाको हकमा अमेरिकी डलर तथा नेपाली रुपैयाँ दुवैमा विद्युत खरीद सम्झौता गरिने छ । यस प्रयोजनको लागि आयोजनामा स्वपुँजी (Equity) को मात्रा कम्तिमा २०% हुनु पर्ने छ । ऊर्जा संकट निवारण कार्ययोजना २०७२ ले अंगिकार गरेको उद्देश्य पूर्तिको लागि १०००० मेगावाट बराबरको विद्युत खरीद सम्झौता नभएसम्म मात्र अमेरिकी डलरमा पि.पि.ए. गरिने छ ।

G3. प्रबर्द्धकबाट नेपाल विद्युत प्राधिकरणलाई पेश गरिने नेपाली रुपैयाँको हरेक बीलबापत निम्न बमोजिमको अनुपातमा अमेरिकी डलर तथा नेपाली रुपैयाँमा प्रबर्द्धकलाई भुक्तानी गरिने छः

मानौं कुल लगानीमा वैदेशिक ऋणको प्रतिशत X छ भनेः

वैदेशिक मुद्रामा (अमेरिकी डलर) मा भुक्तानी गरिने रकम (A) = (X/100) x जम्मा बील रकम (ने.रु.)

नेपाली रुपैयाँमा भुक्तानी गरिने रकम = (1 - X/100) x जम्मा बील रकम (ने.रु.)

माथिको सुत्रमा प्रयोग भएको 'X' को प्रमाणिकरण वैदेशिक ऋण सम्बन्धी कागजातहरुको आधारमा गरिने छ । यस्ता आवश्यक कागजातहरु प्रबर्द्धकले विद्युत खरीद सम्झौता सम्पन्न हुनु अगावै नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउनु पर्ने छ । व्यापारिक उत्पादन शुरु हुने बेलासम्म लगानी भएको वास्तविक वैदेशिक ऋण लगानीको आधारमा 'X' लाई समायोजन गरिने छ । तर यसरी समायोजन गर्दा कुल लगानीमा वैदेशिक ऋणको प्रतिशत पि.पि.ए. गर्दाको बेला भन्दा बढी हुने छैन ।

अमेरिकी डलरमा गरिने पि.पि.ए. को दर हाल नेपाल विद्युत प्राधिकरणबाट अवलम्बन गरिएको १०० मेगावाटसम्मको RoR आयोजनाको खरीद दर वा भविष्यमा अवलम्बन गरिने RoR, PRoR तथा Storage आयोजनाको दरलाई माथिल्लो सिमाको रुपमा लिई Negotiation मार्फत् तय गरिने छ ।

G4. वैदेशिक मुद्रा (अमेरिकी डलर) मा गरिने भुक्तानी वैदेशिक ऋण रकम फिर्ता नभएसम्म वा व्यापारिक उत्पादन पछि अधिकतम १० वर्षसम्म (दुई मध्ये जुन चाँडो हुन्छ, सो अवधिसम्म) मात्र गरिने छ । सो अवधिपछि को बील भुक्तानी नेपाली रुपैयाँमा मात्र गरिने छ ।

G5. डलरमा गरिने पि.पि.ए.हरुमा RoR तथा PRoR आयोजनाहरुको लागि आधार दरमा (Base Rate) मा ८ वर्षसम्म ३% को दरले मूल्य वृद्धि प्रदान गरिने छ भने Storage आयोजनाको हकमा यस्तो मूल्य वृद्धि ५ वर्षसम्म ३% का दरले दिइने छ ।

G6. प्रबर्द्धकले हरेक बील नेपाली रुपैयाँमा पेश गर्नुपर्ने छ । यस्तो बीलमा माथि G3 को मुद्रा मिश्रण अनुपात बमोजिम प्रबर्द्धकले पाउनु पर्ने अमेरिकी डलर बराबरको रकम पि.पि.ए. हस्ताक्षर गर्दाको बखतमा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको अमेरिकी डलरको सटही दर अनुसार हिसाब गरिने छ ।

G7. अमेरिकी डलरमा आवश्यक रकम भुक्तानीको लागि प्रबर्द्धकले नेपाल विद्युत प्राधिकरणलाई बिल पेश गर्दा अद्यावधिक लेखा परीक्षण प्रतिवेदन तथा अन्य वैदेशिक ऋण सम्बन्धी प्रमाणीकरण कागजातहरु समेत पेश गर्नुपर्ने छ ।

G8. माथि उल्लेख गरिए बमोजिमका सिद्धान्तका आधारमा डलर पि.पि.ए. गर्दा प्रबर्द्धक, नेपाल विद्युत प्राधिकरण तथा नेपाल सरकारले वैदेशिक मुद्रा सटही सम्बन्धी जोखिम वहन गर्नुपर्ने हुन्छ । नेपाली मुद्राको निरन्तर अवमूल्यन तथा नेपाल विद्युत प्राधिकरणको हालको वित्तीय अवस्थालाई विचार गर्दा यस्तो जोखिम विद्युत खरिदकर्ताको हकमा विशेष रुपमा देखिन सक्छ । यसरी वैदेशिक मुद्रा सटही दरको उतारचढावले विद्युत खरीदकर्तालाई पर्न सक्ने घाटा हेजिङ्ग फण्ड वा अन्य कुनै उपयुक्त संयन्त्रद्वारा परिपूर्ति गरिनुपर्ने हुन्छ । यसको लागि मुद्रा सटहीको उतारचढावको जोखिम न्यूनिकरणको लागि नेपाल राष्ट्र बैंकले उपयुक्त सञ्चालन तथा नियमन संयत्र सहितको हेजिङ्ग फण्ड स्थापना गर्नु उपयुक्त हुन्छ । हेजिङ्ग फण्ड सञ्चालनको लागि आवश्यक Hedging ost नेपाल सरकार, विद्युत खरीदकर्ता तथा प्रबर्द्धकबाट व्यहोरिनु उपयुक्त रहन्छ । वैदेशिक मुद्रा विनिमयको जोखिम न्यूनिकरणको लागि Green Climate Fund (GCF) जस्ता सहुलियत दरका अन्तर्राष्ट्रिय वित्तीय श्रोतहरुको यथासम्भव उपयोग गर्न पनि उपयुक्त हुन्छ ।

G9. विद्युत खरीदकर्तालाई प्रबर्द्धकले मासिक रुपमा निम्न बमोजिम विल पेश गर्नेछ :

(क) विद्युत खरीद सम्झौता अनुरुपका सम्पूर्ण तिर्न बाँकी रकम प्रबर्द्धकले खरीदकर्तालाई समय-समयमा लिखित रुपमा जानकारी गराए अनुसार डलर वा ने.रु. को बैंक खातामा जम्मा गरिने छ ।

(ख) भुक्तानी गर्नुपर्ने अन्तिम मिति वा सो भन्दा अगावै बीलहरुको भुक्तानी गर्नुपर्नेछ । तर अन्तिम मिति विदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिनलाई नै त्यस्तो अन्तिम मिति मानी भुक्तानी गरिने छ ।

G10. वैदेशिक लगानी भएको १०० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत आयोजनाको लागि निम्न बमोजिम Letter of Credit (LC) खाता खोलिने छ ।

(क) व्यापारिक उत्पादन शुरु भएको मितिदेखि विद्युत खरीद सम्झौताको अवधिसम्मको लागि विद्युत खरीदकर्ताले आफ्नै खर्चमा कम्पनीको लागि कम्पनीले स्वीकार गरेको काठमाडौंमा अवस्थित एक वा बढी बैंकहरुमा Irrevocable LC खोल्नु पर्ने छ ।

हरेक आर्थिक वर्षमा हुने पहिलो र दोस्रो उच्चतम कन्ट्रयाक्ट ऊर्जाको लागि हुने भुक्तानीको परिवर्त्य मुद्रामा गरिने भुक्तानी बराबरको US$ Denominated Face Amount को LC हुनु पर्ने । व्यापारिक उत्पादन शुरु भएको दुई महिनाभित्र कम्पनीले स्वीकार गरेको न्यूनतम काठमाडौं भित्रका ६ वटा बैंकको सूची उपलब्ध गराउने ।

(ख) उक्त LC कम्पनी तथा वित्तीय संस्थालाई मान्य भएको हुनुपर्ने र त्यसमा निम्न विषय उल्लेख भएको हुनुपर्नेः

(अ) विद्युत खरीदकर्ताले भुक्तानी दिन नसकेमा उक्त LC ले भ्याएसम्मको भुक्तानी सो LC मार्फत् कम्पनीले लिनसक्ने ।

(आ) उक्त LC मार्फत भएको भुक्तानी बराबरको रकम तुरुन्त भर्ने र LC को नवीकरण गर्ने ।

(इ) त्यस्तो LC को अवधि व्यापारिक तवरले उपलब्ध हुने समय अधिकतम अवधिको लागि हुनु पर्ने ।

(ई) त्यस्तो LC कम्पनीले वित्तीय संस्था वा तीनको आधिकारिक निकाय; वा कम्पनीको उत्तराधीकारीलाई हस्तान्तरण गर्न सक्ने ।

G11. नियन्त्रण बाहिरको कुरा (Force Majeure), दायित्व, प्रत्याभूति (Indemnification), वीमा तथा विवाद समाधान लगायत माथि उल्लेखित शर्त बाहेकका शर्तहरु यस अघि सेप्टेम्बर २४, २०१५ मा कावेली इनर्जी लि.सँग कावेल-ए जलविद्युत आयोजना (३७.६ मेगावाट) को लागि नेपाल विद्युत प्राधिकरणले गरेको विद्युत खरीद सम्झौतामा उल्लेख भए बमोजिम हुने छन् ।

G12. नेपाल विद्युत प्राधिकरणलाई निम्न ३ (तीन) किसिमका Model PPA तयार गर्न यो कार्यदल सिफारिस गर्दछः

(क) पोस्टेड रेट (ने.रु.) को आधारमा PPA गरिने १०० मेगावाटसम्मका आयोजनाहरुको लागि ।

(ख) सम्पूर्ण लगानी नेपाल मुद्रामा गरिने १०० मेगावाटभन्दा माथिका आयोजनाहरुको लागि ।

(ग) वैदेशिक ऋण लगानी समेत भएका १०० मेगावाटभन्दा माथिका आयोजनाहरुको लागि ।